# प्रेस विज्ञप्ति- २५४

# Press Release-254

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं।

मिति: २०७६।०१।३१ गते।

## लागू औषध चरेश ३८४.५ ग्राम सहित २ जना मानिस पक्राउ

मिति २०७६।०१।२९ गते अं. १६:०० बजेको समयमा लागू औषध नियन्त्रण ब्यूरो, शाखा कार्यालय त्रि.अ.बि. र त्रि.अ.बि.सु. गार्ड काठमाण्डौबाट खटिएको प्रहरी टोलीले त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलको आन्तरीक उडान तर्फ बिभिन्न शंकास्पद स्थानमा कुकुरको प्रयोग गरी लागू औषध चेकजाँच गर्ने क्रममा जि. काठमाण्डौ, का.म.न.पा. वडा नं. ३ पिपलबोट बस्ने बर्ष ४३ को राजु श्रेष्ठलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको आन्तरिक उडान तर्फको पार्किङ एरियाबाट (केनाईन) कुकुरको सहायताले **लागू औषध चरेश ४.५ ग्राम** सहित पक्राउ गरी निजलाई सोधपुछ गर्दा उक्त लागू औषध चरेश रेवा पुरीले दिएको भनि खुलाएकोले जि. मकवानपुर थाहा नगरपालिका वडा नं.- ८ बस्ने रेवा पुरीलाई मिति २०७६।०१।३० गते अं. ११:३० बजेको समयमा **लागू औषध चरेश ३८० ग्राम** सहित जि. काठमाण्डौ, का.म.न.पा वडा नं.- ८, तिलगंगाबाट पक्राउ गरी निजहरु उपर आवश्यक अनुसन्धान भईरहेको ब्यहोरा जानकारीका लागि अनुरोध।

•••



